# जिल्ला समन्वय समितिको कार्यालय

## बेसीशहर, लमजुङ

## आ.व. २०८०/८१

# भ्रमण प्रतिवेदन

**१.भ्रमण कार्यक्रमको संक्षिप्त परिचयः**

गण्डकी प्रदेश अन्तर्गतका जिल्ला समन्वय समितिहरुवाट जिल्ला अन्तर्गत भएका विकास निर्माण कार्यहरुको अनुगमन एवं मुल्यांकनका सम्बन्धमा असल अभ्यास र अनुभवको आदानप्रदान गर्ने प्रयोजनका लागि जिल्ला समन्वय समिति लमजुङका पदाधिकारीहरु/कर्मचारीहरुलको टोलीले मिति २०८१/०२/०६ देखि २०८१/०२/१२ गते सम्म जिल्ला समन्वय समिति पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाको भ्रमण सम्पन्न गरेको थियो ।

**२.भ्रमणको उद्येश्य :**

- जिल्ला समन्वय समिति लमजुङ र अन्य जिल्ला समन्वय समितिका पदाधिकारी र कर्मचारीहरुबिच परिचयका माध्यमवाट समन्वय र सहयोग अभिवृद्धि गर्ने ।
- जिल्ला समन्वय समिति लमजुङ र अन्य जिल्ला समन्वय समितिका पदाधिकारीहरुवाट आ-आफ्ना जिल्लामा गरिएका विकास निर्माणका कार्यहरुको अनुगमन,मुल्यांकन, अनुभव र असल अभ्यासहरुको आदानप्रदान गर्ने ।

**३.भ्रमणमा सहभागी पदाधिकारी तथा कर्मचारीहरुको विवरण :**

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरको नाम, थर | पद | स्थायी ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | पूर्ण बहादुर गुरुङ | जिसस प्रमुख | राइनास न.पा.-९,लमजुङ | |
| २ | केशर बहादुर खत्री | जिसस सदस्य | बेसीशहर न.पा.-६,लमजुङ | |
| ३ | शेर वहादुर बोगटी | जिसस सदस्य | दोर्दी गा.पा.-६,लमजुङ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | मोहन बहादुर गुरुङ | जिसस सदस्य | मध्यनेपाल न.पा.-८,लमजुङ | |
| ५ | गम बहादुर दुरा | जिसस सदस्य | सुन्दरबजार न.पा.-११,लमजुङ | |
| ६ | शारादा साँखी | जिसस सदस्य | मध्यनेपाल न.पा.-३,लमजुङ | |
| ७ | बविता मजाकोटी | जिसस सदस्य | मर्स्याङदी गा.पा.-३,लमजुङ | |
| ८ | विमला खड्का | जिसस सदस्य | सुन्दरबजार न.पा.-२,लमजुङ | |
| ९ | प्रेम थापा मगर | सब-ईन्जिनियर | ब्यास न.पा.-१०, तनहुँ | |
| १० | केशर बहादुर थापा | कार्यालय सहयोगी | राइनास न.पा.-९,लमजुङ | |
| ११ | रमेश लौडारी | हलुका सवारी चालक | भानु न.पा.-९,तनहुँ | |

**४. भ्रमण कार्यक्रमको मुख्य गतिविधी तथा उपलब्धीः**

मिति २०८१/०२/०६ गते आइतबार विहान ७:०० बजे देखि ७:१५ सम्ममा भ्रमणमा सहभागी सवै पदाधिकारीहरु जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ परिसरमा उपस्थित हुनुभयो । जिल्ला समन्वय समितिका प्रमुख श्री पूर्ण बहादुर गुरुङज्यूको नेतृत्वमा ११ जना सदस्यको भ्रमण टोली मुस्ताङ, म्याग्दी र पर्वत जिल्लाका समन्वय समितिमा असल अभ्यास आदानप्रदान तथा अन्तरक्रिया गर्ने प्रयोजनको लागि प्रस्थान गरेको थियो ।

मिति २०८१/०२/०६ देखि २०८१/०२/१२ सम्मको भ्रमण अवधिमा मुस्ताङ, म्याग्दी र पर्वत जिल्लाका समन्वय समितिमा भ्रमण गरिएको थियो । उक्त भ्रमण अवधिमा लमजुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाका समन्वय समितिका पदाधिकारीहरु विचमा परिचयात्मक कार्यक्रम आदानप्रदान भयो।समन्वय समितिका पदाधिकारीहरुले आ-आफ्ना जिल्लामा गरिएको विकास निर्माण कार्यहरुको अनुगमन  र अनुगमनका क्रममा आईपरेका कठिनाइहरुका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । छलफल तथा अन्तरक्रियाको क्रममा जिल्ला समन्वय समिति पर्वतका समन्वय अधिकारी श्री कमल

प्रसाद पुनले पर्वत जिल्लाको समग्र राजनैतिक, भौगोलिक, समाजिक, सास्कृतिक पक्षका वारेमा प्रकाश पार्नुभयो र भ्रमण टोलीका प्रमुख एवं जिल्ला समन्वय समितिका प्रमुख श्री पूर्ण बहादुर गुरुङ ज्युले भ्रमण टोलीलाई पुर्याएको आतिथ्यताका लागि जिल्ला समन्वय समिति पर्वत प्रति धन्यवाद र आभार प्रकट गर्नुभयो ।

## ५. भ्रमण सम्बन्धी तस्विरहरुः



लमजुङ जिल्ला र मुस्ताङ जिल्लाका समन्वय समितिका पदाधिकारीहरु विचमा असल अभ्यास आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको तस्विर




लमजुङ जिल्ला र म्याग्दी जिल्लाका समन्वय समितिका पदाधिकारीहरु विचमा असल अभ्यास आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको तस्विर



<u>लमजुङ जिल्ला र पर्वत जिल्लाका समन्वय समितिका पदाधिकारीहरु विचमा असल अभ्यास आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमको तस्विर</u>

प्रतिवेदन तयार गर्नेः

दस्तखतः

नाम, थरः  प्रेम थापा मगर

पदः सब-ईन्जिनियर

कार्यालयः जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ